**मिति २०८१।०५।१९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को दोस्रो नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाका देहाय बमोजिमका कानूनहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

१. गैंडाकोट नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण (GESI Policy) नीति, २०८१
२. गैंडाकोट नगरपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी नियमावली,२०८१
३. गैंडाकोट नगरपालिकाको कटिन्जेन्सि रकम खर्च गर्ने निर्देशिका, २०८१

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाका विभिन्न वडाहरुमा बर्षाद्को समयमा भएको विपद्जन्य घटनाको कारणबाट भएको क्षति, राहत एवं उद्धारका लागि भएको खर्चलाई वडा समितिबाट निर्णय गराई आवश्यकता अनुसार अनुगमन समेत गरी नगर प्रमुख समक्ष पेश गर्न सम्बन्धित वडाहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट जेसिसको आतिथ्यतामा आयोजित क्षेत्र 'घ' सम्मेलन कार्यक्रमको लागि यस नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने प्रयोजनका लागि नगरपालिकाको तर्फबाट रु. ९(नौं) लाख आर्थिक सहयोग अन्य संस्था सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको आ.व.२०८१/०८२ को तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.५** गण्डकी प्रदेश सरकारवाट मिति २०७९/११/१८ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवाको (गठन तथा संचालन) र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको "स्थानीय सेवाको (गठन तथा संचालन ) ऐन २०७९ को दफा २७ बमोजिम यस कार्यालयको मिति २०८१।०३।२५ गते प्रकाशित सूचनामा तोकिएको समय भित्र तोकीए बमोजिमको आवेदन फारम भरेका दफा ३१ बमोजिम नकारात्मक सूचिमा नपरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूह भित्रको पदमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गर्ने छ भन्ने व्यवस्था रहेकाले यस गैंडाकोट नगरपालिका कार्यालयमा कार्यरत रहेका र तहबृद्धिको लागि निवेदन पेश गरेका मध्ये प्रचलित कानून अनुसार देहाय बमोजिमका योग्यता पुगेका कर्मचारीहरुलाई मिति २०८१।०४।०१ देखि लागू हुने गरी तहवृद्धि गर्न निर्देशन दिने निणर्य गरियो।

| क्र. सं. | कर्मचारीको नाम थर | शुरु नियुक्ति भएको पद नाम/ सेवा समूह | समायोजन पश्चातको पद नाम | तहबृद्धि पश्चातको पद नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमोद कुमार पौडेल | रा.प.तृतीय,पशु चिकित्सक, कृषि / भेटेरिनरी | अधिकृतस्तर सातौं, पशु चिकित्सक | कृषि/भेटेरिनरी, व.प. चि., अधिकृतस्तर आठौं | |
| २ | राधा पौडेल लम्साल | रा.प.अन.द्वितीय श्रेणी, नेपाल विविध सेवा | सहायक महिला विकास निरीक्षक सहायकस्तर पाँचौ तह | स्थानीय प्रशासन/ विविध, स.म.वि.नि.अधिकृत छैटौं | |
| ३ | विष्णुदेवी चापागाईं | रा.प.अन.द्वितीय श्रेणी,नेपाल प्रशासन/ सामान्य प्रशासन | सहायकस्तर पाँचौ तह | स्थानीय प्रशासन/ सामान्य प्रशासन, स.प्र.अ.,अधिकृत छैटौं | |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.६**गैंडाकोट नगरपालिकाको नदिजन्य पदार्थ तथा निजि जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (माटो,ढुंगा) लगायतका सामग्री उत्खनन,संकलन तथा बिक्रि निर्देशक समिति समितिबाट प्राप्त ढुंगागिट्टीको स्टक प्रमाणीकरण सम्वन्धमा भएको निर्णय एवं आ.व.२०८०/०८१ को आन्तरिक आय ठेक्का नदीजन्य पदार्थको बोलपत्र E-Bidding को रितपूर्वक बोलपत्र प्राप्तकर्ता क्रमशः British Member-Gandaki JV र Mefans Construction and Suppliers क्रमशः ४८,००० घनमिटर र २०,००० घनमिटर बिक्री पश्चातको बाकी रहेको स्टक नदीजन्य पदार्थको स्वघोषणा सहित यस कार्यालयमा प्राप्त पत्र समेतका आधारमा उक्त स्टक प्रमाणीकरण गरी दिने र अन्य /बाँकी रहेको स्टक प्रमाणिकरणको लागि सम्बन्धित सरोकारवालाको जानकारीको १५ (पन्ध्र) दिने सार्वजिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** वडा नं. ५ मा रहेको गैंडाकोट स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी पाँच बेडको स्वास्थ्य बिमा सहितको गैंडाकोट आधारभूत अस्पताल सञ्चालन गर्नको लागि स्वीकृत प्रदान गर्ने साथै भवन निर्माण गर्नको लागि श्रोत सुनिश्चितता सहित आवश्यक बजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा तथा अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं. ८** आ.व.२०८१/०८२ को स्वीकृत योजनाहरु मध्ये वडा स्तरीय योजनाहरु क्रमशः उज्यालो वडा कार्यक्रम अन्तरगतका सबै योजनाहरुको दररेटलाई एकरुपता ल्याउने, बोरिंग निर्माण, मोज्याक टायल लगाउने र रु. १० लाख भन्दा माथी सबै प्रकारका निर्माणसंग सम्बन्धित सबै योजनाहरुको एकिकृत टेण्डर आब्हानको लागि सिफारिस पठाउन वडा कार्यालयहरुलाई र टेण्डर व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९** नगर कार्यपालिकाको कार्यालयबाट आ.व.२०८०/०८१ मा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,निज कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

| सि.न. | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौता रकम | सम्झौता मिति | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| 1 | 03/GM/NCB/2080-081 | Construction of Rigid Pavement Road from Masu Factory to Jayshree khola at Gaindakot Munucipality- 07, Nawalpur (East) | NRs. 1,17,26,924.71 | 18th Magh 2080 | 30 kartik 2081 |
| 2 | 12/GM/NCB/2080-081 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no. 1, 4, 5, 6, 8, 9 and 17, Nawalpur (East) | NRs. 1,02,69,014.64 | 18th Baishak 2081 | 30 kartik 2081 |
| 3 | 13/GM/NCB/2080-081 | Upgrading (Blacktopping) of Different Roads at Gaindakot Municipality Ward no.1, 4 and 6, Nawalpur | NRs. 1,05,10,224.69 | 26th Baishak 2081 | 30 kartik 2081 |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको आन्तरीक आय बृद्धि एवं राजश्वको दायरा बढाउने प्रयोजनका लागि नगर भित्र रहेका व्यवसाय/ उद्योगहरुको दर्ता एवं नविकरण लगायतको तथ्यांक संकलन गर्न वडा समितिलाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** आ.व.२०८१/०८२ को लागि गैंडाकोट नगरपालिकाको कवाडी संकल्न कर र विज्ञापन संकल्न करको लागि ठेक्का आब्हान गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको आन्तरीक आय बृद्धि, राजश्वको दायरा बढाउन एवं स्थानीय व्यवसाय प्रवर्द्धन गर्नका लागि स्थानीय घरेलु मदिरा ब्राण्डिंग गर्न एवं सोसंग सम्बन्धित बैधानिकताको सन्दर्भमा सम्भाब्यता अध्ययन, गुणस्तर परीक्षण लगायतका आवश्यक कार्यहरु गर्न आन्तरिक राजश्व विभागसंग राय माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका वडा नं. ११ मा अवस्थित नगर अस्पतालको निर्माण कार्यमा देखिएको प्राविधिक त्रुटीलाई व्यवस्थापन गर्न परामर्शदाता,कार्यालय र निर्माण व्यवसायी समेतको त्रिपक्षीय Joint Survey पश्चात प्राप्त हुने संशोधित डि.पि.आर. को प्रतिवेदनलाई नगर कार्यपालिकामा प्रस्तुतिकरण गरी स्वीकृतीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** गैंडाकोट नगर क्षेत्र भित्र ठेला/ ई-रिक्सा लगायतका साधनहरुमा विहान बेलुकाको समयमा नगर भित्रका सडकहरुमा चर्को आवाजमा स्पिकरहरु बजाएर उत्पन्न भएको वातावरणीय प्रदुषणलाई न्यूनीकरण सहित उक्त व्यवसायहरुलाई उचित व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५** गैंडाकोट नगरपालिका वडा नं. १७ स्थित त्रिपुरेश्वर संसानघाट जाने बाटो एवं साईड वाल निर्माणको लागि रु. ६ लाख बजेट अन्य संस्था सहायता शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** भवनको नक्सा प्रमाणित गर्ने सन्दर्भमा यस कार्यालयबाट जारी भएको प्रमाणपत्र रहेको तर नक्सा नभएको अवस्थामा प्रमाणपत्रलाई आधार मानी नयाँ नक्सा निर्माण गरी हालको नक्सापास दस्तुर बराबरको ५० प्रतिशत राजश्व लिएर प्रमाणित गर्न कार्यालयलाई निर्देशन दिने साथै हाल भवन तथा बस्ती विकास शाखा अन्तर्गत रहेका कागजातहरुलाई व्यवस्थित गर्नका लागि पूर्णरुपमा Digitization गर्ने र सोको लागि आवश्यक पर्ने बजेट नगरपालिकाको आन्तरीक स्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** नगर कार्यपालिकाको साविकमा भएको निर्णयालाई संशोधन गर्दै गैंडाकोट नगरपालिका वडा नं. ७ मा रहेको सार्वजनिक जग्गामा गैंडाकोट नगरपालिकाको फोहोरमैला श्रोत प्रशोधन केन्द्र तथा पार्क निर्माणको लागि DPR अध्यावधिक गर्न र उक्त स्थानको IEE गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८** गैंडाकोट नगरपालिकाको कार्यालयमा हाल मौज्दात रहेका ३ वटा गाडीहरु मध्ये २ वटा गाडीहरु मात्र दैनिक कार्यालयको कामकाजमा प्रयोग गर्न सकिने अवस्थामा रहेकोले कार्यालयको थप दैनिक प्रशासनिक एवं पूर्वाधार तर्फका योजनाहरुको अनुगमन लगायतका कार्य गर्न थप (१) एउटा गाडी आवश्यक परेकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा गाडी उपलब्ध गाराईदिनको लागि अनुरोध सहित लेखी पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत | शान्ती कोइराला, नगर उप-प्रमुख | मदन भक्त अधिकारी, नगर प्रमुख

**निर्णय नं.१९** गैंडाकोट नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुमा बनेका र भविष्यमा बन्ने वडा कार्यालय भवन, नगर अस्पताल, आधारभुत स्वास्थ्य ईकाइ लगाएतका भवनहरु र भवन बन्नका लागि आवश्यक जग्गाहरुलाई नेपाल सरकारका नाममा दर्ता गराई उक्त जग्गाहरुको भोकाधिकार प्राप्त गर्ने प्रयोजनका लागि गैंडाकोट नगरपालिकाका वडा नं. १ देखि १८ सम्मका वडा समितिबाट निर्णय समेत गरी नगर कार्यपालिकाको कार्यालयमा सिफारिस भई आए बमोजिमको देहाय अनुसारको क्षेत्रफल सहितको विवरणलाई सम्वन्धित निकायहरुमा कार्यान्वयनका लागि लेखि पठाउने गर्ने निर्णय गरियो।

| क्र.सं. | वडा नं | स्थान | जग्गाको क्षेत्रफल (सरदर) | भवनको क्षेत्रफल | भवनको स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | १नं वडाको स्वाथ्य चौकी नजिक | १४००वर्ग मिटर | ३०८६ बर्ग फिट | निर्माणाधिन | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| २ | २ | कारितास भवन नजिक | २००० वर्ग मिटर | | प्रस्तावित | |
| ३ | ३ | ढोडेनी , प्रहरी विट समिप | १००० वर्ग मिटर | | प्रस्तावित | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| ४ | ४ | गैंडाकोट खानेपानी कार्यालय नजिक | १८०० वर्ग मिटर | ३०८६ बर्ग फिट | निर्माण सम्पन्न | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| ५ | ५ | विजय चोक गैंडाकोट नगरपालिका प्रशासनिक भवन परिसर | | | प्रस्तावित | गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेको ५'क' कि नं.४७३ को उत्तरी भागमा बन्ने गरी |
| ६ | ६ | भाग्योदय स्कुल निर | १२०० वर्ग मिटर | ३०८६ बर्ग फिट | निर्माणाधिन | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| ७ | ७ | हरिहर मन्दिर नजिक | ११४०वर्ग मिटर | | निर्माण सम्पन्न | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| ८ | ८ | पानी टंकि नजिक | ८८० वर्ग मिटर | | निर्माण सम्पन्न | |
| ९ | ९ | थुम्सी क्रिकेट रंगशाला बाट १२० मिटर पुर्व तर्फ | २७५ वर्ग मिटर | | निर्माण सम्पन्न | |
| १० | १० | भेडावारी नगर अस्पताल छेउमा | १४६० वर्ग मिटर | | निर्माण सम्पन्न | |
| ११ | ११ | | | | | |
| १२ | १२ | हर्कपुर चोक नजीक | ३४० वर्ग मिटर | | पुरानो गास .वि. भवनबाट सेवा प्रदान | भवनले ढाकेको क्षेत्रफल |
| | | आधारभूत स्वा.ईकाइ मालपुर | ३४० वर्ग मिटर | | | |
| १३ | १३ | बेल्डीहा | १०००वर्ग मिटर | | प्रस्तावित | |
| १४ | १४ | विजयज्योति स्कुल समिप र राधाकृष्ण मन्दिर क्षेत्र | ८४५ वर्ग मिटर | | प्रस्तावित | वडा कार्यालय र स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| १५ | १५ | मेझी पोखरी | १५०० वर्ग मिटर | २२३२ बर्ग फिट | निर्माणाधिन | |
| १६ | १६ | अमारापुरी चोक | लालपुर्जा भएको जग्गा | | प्रस्तावित | |
| १७ | १७ | स्वास्थ्य चौकी समिप, झरही खोला पुर्व | ३७०० वर्ग मिटर | | प्रस्तावित | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |
| १८ | १८ | बालज्योति मा.वि. नजिक, दमार | १५०० वर्ग मिटर | | हाललाई अस्थाई भवनबाट सेवा प्रदान भइरहेको | स्वास्थ्य चौकी समेतको क्षेत्रफल |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख